O/C

मिति: २०८०।१२।१९

नेपाल मेडिकल बोर्ड
दर्ता

दर्ता मिति: २०८०।१२।१
दर्ता नं.: ४८७८
विषय:
सही:

श्री प्रमुख ज्यू

वीर अस्पताल, मेडिकल वोर्ड, काठमांडौं

**विषय: साधारण मानव शरीर भन्दा फरक क्षमता भएको मेरो शरीर अनुसन्धान गरी पाउँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा म राजेन्द्र रेग्मी पिता स्व. पशुपतिनाथ रेग्मी र माता स्व. अम्विका रेग्मी को कोखबाट मिति २०२१।१०।१३ मा सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. मा जन्म भई ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ८ चाकामकल निवासी पूर्व त्रि.वि.को शिक्षण अस्पतालको सहआर्थिक नियन्त्रक पदमा कार्यरत रही आएकोमा मेरो शरीर साधारण मानव भन्दा फरक शारीरिक अवस्थाको कारण असहज भई ३३ वर्षको लामो सरकारी सेवाबाट राजिनामा दिई अवकाश भई आफ्नो शरीरको विभिन्न किसिमको परीक्षण गरी यसको भिडियो रेकर्ड समेत वनाउँदै आईरहेको छु ।

धेरै लामो समयदेखि मैले मेरो शरीरमा केही असामान्य गतिविधिहरूको सामना गरिरहेको छु । त्यसैले मैले उपचारको लागि विभिन्न डाक्टरहरूसँग परामर्श गर्ने क्रममा आयुर्वेद डा. ऋषि केशव भुसाल ग्यास्ट्रो डा. अनुराग झा, मुटु रोग विशेषज्ञ डा. ओममुर्ति अनिल लगायतका विभिन्न विशेषज्ञ डाक्टर हरू तथा प्रयोगशालाहरूमा परीक्षण गरें, र धेरै डाक्टरहरूले तोकेका औषधिहरू लिएँ । तर मेरो स्वास्थ्य समस्या कम गर्न औषधिले काम गरेन । मेरो अनुभव र प्रयोगले मेरो स्वास्थ्यको लागि कुनै पनि खानेकुरा हानिकारक छ र कुनै पनि प्रकारको औषधिले मेरो शरीरमा काम गर्न सक्दैन भन्ने निष्कर्ष निस्केको छ । मैले खाना र पानी बिना २० दिन उपवास गरेको रेकर्ड गरेको छु । यसरी उपवास बस्दा शरीरबाट दैनिक रुपमा सामान्य अवस्थामा जस्तो नियमित पिराब भईरहेको र अन्न पानी विना निराहार उपवास बस्दा समेत साविक जस्तो शरिरमा बल कायम रहेको अवस्था छ, शरीरमा कुनै कमजोरी छैन । Amlod L, Flexon, Cetamol 10, Brofen 400 आदि जस्ता औषधिहरू एक पटकमा २०-३० ट्याब्लेटहरू खाएको छु । तर मलाई कुनै असर परेको छैन । यस्तो देखिन्छ कि मसँग अलौकिक शक्ति छ तसर्थ म यसलाई प्रमाणित गर्न चाहन्छु ।

नेपाल सरकार जनसंख्या मन्त्रालय विज्ञान राष्ट्रिय प्रतिष्ठान ... महाबौद्ध काठमाडौं

यसरी प्रमाणित गर्ने क्रममा मेरो स्वतन्त्र इच्छाले परीक्षण गर्दा मैले अमलोड एल (२० क्याप्सुल), फ्लेक्सन-(२० क्याप्सुल), सिटामोल ट्राइड (२० क्याप्सुल), ब्रोफेन ४०० (२० क्याप्सुल) प्रत्येक ३ घण्टाको अन्तरालमा एकै दिनमा सेवन गरेर भिडियो समेत बनाएको छु।

यसै सन्दर्भमा मैले मिति २०८०।०८।१४ देखि २०८०।०९।०३ सम्म विश्व रेकर्ड तोडी नेपालको नाम राख्न सनसारी माई मन्दिर रुप्सेटार सुन्दरीजल, काठमाडौंमा सि.सि. क्यामेरा जडान गरी Computer सहित मन्दिर संचालक समितिको सहमतिमा म अन्न पानी विना निराहार बस्दा गोकर्णेश्वर न.पा.का मेयर दिपक रिसाल, वडाध्यक्ष स्थानीय जनता सबैको सहयोग समेतमा निराहार ध्यानमा २० दिन बसेको र उक्त लाईभ भिडियो सो (मन्दिर) क्षेत्रका सांसद माननीय सन्तोष चालिसेज्यू (फोन नं. ९८४१२११९३३) सँग २० दिन निराहार बसेको Hard Disk प्रतिनिधिसभामा पेश गर्ने गरी राख्नुभएको छ, सो को कपी मसंग पनि सुरक्षित रहेको छ।

यसै सन्दर्भमा म Amlodl एकै चोटी १५ वटा खाएको त्यसको २ घण्टा पछि फेरि १५ वटा Triad 10 २० वटा खाएको, त्यस्तै सिटामोल, Brufin, तथा प्रेसर बढाउन नुन खाएको Video खिची पेन ड्राइभमा प्रमाणका लागि संलग्न गरेको छु। यसरी निराहार बाँचेको छु भने एलोपेथिक/आयुर्वेदिक कुनै औषधीले काम नगर्ने हुँदा मेरो शरीर देहाय बमोजिम आमा साधारण मानव भन्दा फरक भएकोले शरीर अनुसन्धान गरी उजागर गरी पाउँन यो निवेदन पेश गरेको छु।

१. म अन्न पानी तथा कुनै पनि खानेकुरा बेगर निराहार बाँच्दा पनि शरीरबाट आफैं पिसाब उत्पन्न हुन्छ, पिसाब २००ML देखि ७०० ML आउँदछ साथै कुनै अन्न पानी विना निराहार बस्दा पनि मेरो शारीरिक क्षमतामा कुनै ह्रास आएको छैन म थप बलियो भएको छु।

२. मैले प्रेसरको औषधी Amlod-L एकै दिन ३० र Triad 10 औषधी ३० वटा शरीरको अनुसन्धानको लागि खाएको Video यसै निवेदन साथै संलग्न छ। मलाई केही हुँदैन मेरो मुटुको चाल बन्द हुँदैन, म जिवित छु।

३. ६० देखि ७० डिग्री सेन्टीग्रेड तातो पानी जलधारी राखेर ३/४ घण्टा बस्न सक्दछु।

अत: माथिका तथ्यहरुकालाई पुष्टि गर्ने प्रमाणहरु यसै निवेदन साथ पेश गरेको छु र यस संस्थाबाट माथीको कुनै तथ्य पुष्टि गर्न चाहेमा त्यसको लागि म तयार रहेको कुरामा विश्वास दिलाउन चाहन्छु साथै मिति २०८०।०८।१४ देखि २०८०।०९।३० को सि.सि. क्यामेराको Harddisk सांसद माननीय सन्तोष चालिसेज्यूबाट Copy गरी झिकाउन सविनय अनुरोध गर्दछु।

१) महामहिम राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमंन्त्रीज्यू, प्रधानन्यायाधीशज्यू, गृहमन्त्रीज्यू, संसदीय दलका नेताज्यूहरु, सेनापतिज्यू, प्रहरी प्रमुखज्यू, कुटनैतिक राजदुतावास राजदूतज्यूहरु (भारत, अमेरिकन, बृटिस) मानवअधिकार आयोगमा निराहार बसेको गिनिज बुकबाट प्रमाणित गराई पाउन पत्राचार गरेको प्रमाणको फोटोकपी यसैसाथ संलग्न गरेको छु ।

२) त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्ज, मनमोहन कार्डियोभास्कुलर सेन्टरमा जँचाएको फोटोकपी पेश गरेको छु ।

३) नेपाल मेडिकल कलेज, अत्तरखेलमा २०८०।०९।०३ देखि जँचाएको प्रमाणको फोटोकपी ।

४) डा. ओम मूर्ति अनिलसँग जँचाएको र उहाँले सिफारिस गरेको सरकारी अस्पतालमा जँचाउन फोटोकपी पेश गरेको छु ।

५) ग्यास्ट्रो डा. अनुराग झासँग जँचाएको चिरायू अस्पतालको कागजातको फोटोकपी ।

६) शहिद गंगालाल अस्पतालमा जँचाएको कागजात ।

७) माननीय प्रतिनिधि सभा साम्सद सन्तोष चालिसे ज्यूले स्वदेश तथा विदेशमा अनुसन्धान गरिदिन सिफारिस भएको पत्र यसैसाथ संलग्न छ ।

८) छिमेकी राष्ट्र भारतमा यसै प्रकृतिको चुनरीवाला बाबा (जो निराहार बाँच्नुभएको थियो) वहाँको शरीर भारत सरकार रक्षा मन्त्रालय अरातर्गत Difference Research and Development Organization (DRDO) वैज्ञानिकहरुको संस्थाले अनुसन्धान गरेको व्यहोरा जानकारी गराउँदछु ।

निवेदक

राजेन्द्र रेग्मी

महालक्ष्मी नगरपालिका वडा नं. ८, ललितपुर

फोन नं. ९८४१३४७९४५

बोधार्थः

१) श्री सम्माननीय प्रधानमन्त्रीज्यू,

सिंहदरबार, काठमाडौं ।

२) श्री माननीय गृहमन्त्रीज्यू,

सिंहदरबार, काठमाडौं ।

३) श्री माननीय स्वास्थ्यमन्त्रीज्यू,

सिंहदरबार, काठमाडौं ।

# माननीय सन्तोष चालिसे

प्रतिनिधि सभा सदस्य एवं अर्थ समिति सभापति

बागमती प्रदेश

काठमाण्डौं क्षेत्र नं. ३

पत्र सं. ०८०/०८१

चलान नं. ०५०

मिति: २०८०/११/२

श्री सदस्य सचिव ज्यू
नेपाल स्वास्थ्य अनुसन्धान परिषद
रामशाहपथ, काठमाण्डौं

बिषय: बिसेष क्षमता प्रमाणीकरण सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा काठमाण्डौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. १ रुप्सेटारस्थित संसारीमाई मन्दिरमा राजेन्द्र रेग्मीले मिति २०८० ०८ १४ गतेदेखि विहान ०८:१० वजेदेखि सुरु गरी १९ दिन १० घण्टा २०८० ०९ ०३ सम्म सिसिटिभी क्यामेरा जडान गरी निराहार (अन्न, पानी, फलफुल केहि नखाई) ध्यानव्रतमा मन्दिर समिति अध्यक्ष जनार्दन खड्काज्यूको जिम्मामा हार्ड डिस्कमा साँचो रहने गरी निराहार ध्यान बसी सो हार्ड डिस्क रेकर्ड म आफैले जिम्मा लिएकोछु । प्रतिनिधिसभा र नेपाल सरकारवाट प्रमाणीत गराई विश्वरेकर्ड कायम राख्ने व्यवस्था गरिदिनको लागि निवेदन प्राप्त हुन आएकोले उहाँको विसेष क्षमता प्रमाणीकरण गरिदिनुहुन सिफारिसका साथ अनुरोध गर्दछु ।

बोधार्थ,
श्री शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति, सिंहदरबार
श्री गोकर्णेश्वर नगरपालिका
श्री गोकर्णेश्वर नगरपालिका वडा नं. १
श्री संसारीमाई मन्दिर व्यवस्थापन समिति
श्री सुदर्शन सिग्देल, समन्वय कर्ता

माननीय सन्तोष चालिसे

Cell : 9841211933, Email : mananiyasantoshchalise@gmail.com

# माननीय सन्तोष चालिसे

## प्रतिनिधि सभा सदस्य एवं अर्थ समिति सभापति

## बागमती प्रदेश

## काठमाण्डौ क्षेत्र नं. ३


पत्र सं. ०८०/०८१

चलान नं. ०६८

मिति: २०८०/१२/१६

श्री प्रमुख ज्यू
विर हस्पिटल, मेडिकल वोर्ड
काठमाण्डौ

**विषय: बिसेष क्षमता प्रमाणीकरण सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा काठमाण्डौ जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. १ रुप्सेटारस्थित संसारीमाई मन्दिरमा राजेन्द्र रेग्मीले मिति २०८०/०८/१४ गतेदेखि विहान ०८:१० वजेदेखि सुरु गरी १९ दिन १० घण्टा २०८०/०९/०३ सम्म सिसिटिभी क्यामेरा जडान गरी निराहा (अन्न, पानी, फलफुल केहि नखाई) ध्यानव्रतमा मन्दिर समिति अध्यक्ष जर्नादन खड्काज्यूको जिम्मामा हार्ड डिस्कमा साँचो रहने गरी निराहार ध्यान वसी सो हार्ड डिस्क रेकर्ड म आफैले जिम्मा लिएकोछु । प्रतिनिधिसभा र नेपाल सरकारबाट प्रमाणीत गराई विश्वरेकर्ड कायम राख्ने व्यवस्था गरिदिनको लागि निवेदन प्राप्त हुन आएकोले उहाँको शरीरले बिभिन्न एन्टीभाईटिक प्रयोग गर्दा पनि कुनै असर नदेखिएकोले स्वास्थ्य परिक्षणको लागि त्यस कार्यालय बाट जाँच गरि स्वदेश तथा विदेशमा सिफारिस गरिदिनुहुन अनुरोध गर्दछु ।

वोदार्थ,
श्री सुदर्शन सिग्देल, समन्वय कर्ता

सन्तोष चालिसे

Cell : 9841211933, Email : mananiyasantoshchalise@gmail.com

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल

महाबौद्ध, काठमाडौँ

पत्र संख्या :- ०८०।०८१
चलानी नं. :- ४४९३

मितिः २०८१/०१/२५

श्री राजेन्द्र रेग्मी,
महालक्ष्मी नगरपालिका, वडा नं. ०८,
ललितपुर ।

विषयः खुलाई पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तपाईंले मिति २०८०/१२/१९ गते "मेरो शरीर आम साधारण मानव भन्दा फरक भएकोले शरीर अनुसन्धान गरी उजागर गरी पाँऊ" भनी दिनु भएको निवेदनका सम्बन्धमा नेपाल मेडिकल बोर्डमा छलफल हुँदा सो निवेदनको सम्बन्धमा उक्त कार्य नेपाल मेडिकल बोर्डको क्षेत्राधिकार भित्रको विषय नभएको हुँदा थप कारवाही गर्न नसक्ने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

(डा. सन्तोष पौडेल)
निर्देशक

बोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री चि.वि.रा.प्र., महाबौद्ध, काठमाडौं ।

फोन नं.: ४७७-१-४३२१११५, ४७७-१-४३२१५८८, ४७७-१-४३२१८००, फ्याक्सः ४७७-१-४३२२८६४

# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान

केन्द्रीय कार्यालय

नास्ट


प.सं. च.नं. ५५६ ०८०/०८१

२०८१/०२/०३

श्री राजेन्द्र रेग्मी,

महालक्ष्मी नगरपालिका, वडा नं. ०८

ललितपुर ।

विषयः खुलाई पठाइको सम्बन्धमा ।

प्रस्तुत विषयमा तपाईले मिति २०८०/१२/१९ गते "मेरो शरीर आम साधारण मानव भन्दा फरक भएकोले शरीर अनुसन्धान गरी उजागर गरी पाँउ" भनी दिनु भएको निवेदनका सम्बन्धमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानमा छलफल हुँदा सो निवेदनको सम्बन्धमा उक्त कार्य नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको क्षेत्राधिकार भित्रको विषय नभएको हुँदा थप कारवाही गर्न नसक्ने व्यहोरा निर्देशानुसार जानकारीको लागि अनुरोध छ ।

२०८१.०२/०३

शिव प्रसाद उपाध्याय

प्रमुख

सामान्य प्रशासन महाशाखा


ठेगाना : खुमलटार, ललितपुर, नेपाल, पोष्ट बक्स नं. ३३२३ काठमाडौं । E-mail: Info@nast.gov.np

फोन नं. ५५४७७१५, ५५४७७२०, ५५४७७२१, ५५५३१३२, फ्याक्स : ९७७-१-५५४७७१३

नेपाली राजदूतावास
नयाँ दिल्ली
**EMBASSY OF NEPAL**
**New Delhi**

EMBASSY OF NEPAL
New Delhi

**REF.NO.081/82/GR-FRI/537** **DATE - 28/06/2024**

**TO WHOM IT MAY CONCERN**

This is to acknowledge the presence of Mr. Rajendra Regmi, (PP no: PA1673380), a Nepali national at this Embassy. Mr. Regmi claims to possess uncanny power which may be a case of investigation according to him.

**(Sumesh Chandra Dwivedi)**
**Second Secretary**

Barakhamba Road, New Delhi-110001, India, Tel.: +91-11-23476200 / +91-11-23327361, Hotline : +91-8929601925
Website : in.nepalembassy.gov.np